म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ३४ २०८१ पुस ६ गते शनिबार 21 December 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## गर्भवती रिताको मृत्यु

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-१५, लाहुरेचोकमा गर्भवती महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३० वर्षीया रिता विक रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शुक्रबार बिहान २ बजेको समयमा रिताले एक्कासी मुखबाट रगत बान्ता गरेकी थिइन् । रितालाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा शुक्रबार बिहान ३ बजेर १० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। रिता ८ महिनाकी गर्भवती रहेको प्रहरीले जनाएको छ।

### १६औं नगर अधिवेशन सम्पन्न

# हेटौंडाको बजेट २० करोडले बढ्यो



*नगर अधिवेशनमा सहभागी वडाअध्यक्षहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको चालु आर्थक वर्ष २०८१/०८२ को वार्षिक बजेट बढेको छ । हेटौंडा उपमहानगरपालिकाको शुक्रबार सम्पन्न १६औं अधिवेशनले चालु आर्थिक वर्षको बजेट करिव २० करोड रुपैयाँले बढाएको हो ।

नगरप्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा शुक्रबार बसेको उपमहानगरपालिकाको १६औं अधिवेशनले चालु आर्थिक वर्षको बजेटमा १९ करोड ९७ लाख रुपैयाँ थप गरेको हो । उपमहानगरपालिकाले गत असार ७ मा चालु आर्थिक वर्षका लागि २ अर्ब ५२ करोड रुपैयाँ बजेट ल्याएको थियो। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न तथा नगर क्षेत्रका नागरिकको जीवनस्तरमा सुधार गर्न बजेट संशोधन गरिएको हेटौंडा उपमहानगर पालिकाका प्रवक्ता एवम् वडा नम्बर १ का अध्यक्ष सविन न्यौपानेले जानकारी दिनुभयो ।

विषयगत समितिबाट पेश भए अनुसार कर्मचारी तथा जनप्रतिनिधिको तलब भत्ता, ईन्धन तथा सवारी साधन मर्मत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च, ईसिडि शिक्षक र विद्यालय कर्मचारी प्रोत्साहन, बालमैत्री स्थानीय शासन अभियान, वहुवर्षीय योजनाहरुको भुक्तानी, गत वर्ष जिम्मेवारी सरेका योजनाहरुको भुक्तानी, नगर अस्पताल संचालन एवम् स्वास्थ्य सम्बन्धी कार्यक्रम लगायतका अनिवार्य दायित्व र खर्चका लागि उक्त बजेट कार्यान्वयन गरिने छ। सो बजेट रकमको नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि वितरण, आन्तरिक राजस्वका स्रोत तथा संघ र प्रदेश सरकारसँगको समन्वयमा गरिने उहाँले जानकारी दिनुभयो ।

नगरसभामा चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको आय तथा खर्च विवरण प्रस्तुत गरिएको थियो । सो अवधिमा उपमहानगरले संघीय सरकार समानीकरण तथा सशर्त अनुदानतर्फ ४५ करोड ८ लाख ९० हजार रुपैयाँ, प्रदेश सरकार समानीकरण, सशर्त र समपूरक अनुदानतर्फ ३ करोड ८ लाख ३२ हजार रुपैयाँ, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटतर्फ १४ करोड ६८ लाख ९ हजार रुपैयाँ र आन्तरिक स्रोत कर, राजश्व शुल्क र गत वर्षको नगद मौज्दात समेत गरी २० करोड ६२ लाख १७ हजार रुपैयाँ आम्दानी गरेको छ । नगर विकास कोषबाट ऋण वापत १ करोड ४८ लाख ४२ हजार रुपैयाँ प्राप्त भएको बताइएको छ।

उपमहानगरपालिकाले मंसिर मसान्तसम्ममा कुल बजेटको ४५ करोड ११ लाख ६८ हजार रुपैयाँ (२१.१२ प्रतिशत) रकम खर्च गरेको छ । कुल खर्च मध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र तर्फ १४ करोड ९१ लाख ३५ हजार रुपैयाँ (२७.८४ प्रतिशत), सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रतर्फ २२ लाख ४७ हजार रुपैयाँ (७.०३ प्रतिशत), पूर्वाधार विकास क्षेत्रतर्फ ४ करोड ३८ लाख ८८ हजार रुपैयाँ (१०.७८ प्रतिशत), सामाजिक विकास क्षेत्रतर्फ २५ करोड ११ लाख ४३ हजार रुपैयाँ (२४.६७ प्रतिशत) र आर्थिक विकास क्षेत्रतर्फ ४७ लाख ५० हजार रुपैयाँ (३.२८ प्रतिशत) खर्च गरेको छ । सो अवधिमा अधिकांश क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु सम्झौता भई कार्य सञ्चालनको क्रममा रहेको उपमहानगर पालिकाले जनाएको छ।

## अपाङ्ग महासंघको साधारणसभा

समाज संवाददाता

हेटौंडा : राष्ट्रिय अपाङ्ग महासंघको बागमती प्रदेश समितिको साधारणसभा तथा अधिवेशन हेटौंडामा सुरु भएको छ। राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश समितिका अध्यक्ष अश्विन लम्सालको अध्यक्षता तथा बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री काफ्लेले धेरै समस्याबीच अपाङ्गता भएका व्यक्तिहरुको संगठनमा देखिएको पक्ष र विपक्षले संगठन बन्न नसक्ने बताउनुभयो। लामो समयसम्म टिक्ने चिन्तन र चरित्र अबको अवस्थाअनुसार परिवर्तन गर्न जरुरी रहेको उहाँले बताउनुभयो। साधारणसभाबाट नयाँ सर्मिति चयन हुनेछ । प्रदेश समिति चयनका लागि शनिबार निर्वाचन प्रक्रिया अगाडि बढ्ने बताइएको छ।

## नेकपा एमाले कैलाश गाउँपालिका अध्यक्षमा विष्ट



समाज संवाददाता

हेटौंडाः नेकपा एमालेको मकवानपुरको कैलाश गाउँपालिकाको अधिवेशन शुक्रबार सम्पन्न भएको छ । अधिवेशनबाट नेकपा एमाले कैलाश गाउँ कमिटीको अध्यक्षमा सानुभाइ विष्ट निर्वाचित हुनुभएको छ। अध्यक्षका आकांक्षी पूण्य भण्डारीलाई १० मतान्तरले पराजित गर्दै विष्ट निर्वाचित हुनुभएको हो । ८९ जना प्रतिनिधि मध्ये ८५ जनाले मतदान गर्दा विष्टले ४७ मत पाउनुभयो भने भण्डारीले ३७ मत पाउनुभयो ।

उपाध्यक्षमा ओम बहादुर मुक्तान ४६ मतसहित विजयी हुँदा अर्का आकांक्षी रामबहादुर गोङ्वा पराजित हुनुभयो । सचिवमा बाबुराम मुक्तान सर्वसम्मत निर्वाचित हुनुभयो भने उपसचिवमा वीर बहादुर प्रजा ४४ मतसहित विजयी हुँदा पेम्बा योञ्जन ३१ मतसहित पराजित हुनुभयो। लेखा कमिटीको अध्यक्ष सजित कार्की सर्वसम्मत निर्वाचित हुनुभयो । गाउँ कमिटीका अन्य पदमा भने सर्वसम्मत चयन भएको उपाध्यक्ष ओमबहादुर मुक्तानले जानकारी दिनुभयो । कैलाश गाउँपालिका-३, कालिकाटारमा अधिवेशन भएको हो । यसअघि नेकपा एमालेको हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिका र राक्सिराङ गाउँपालिका कमिटीको अधिवेशन सम्पन्न भइसकेको छ । हेटौंडा उपमहानगरको अध्यक्षमा बोलबहादुर कार्की, मनहरी गाउँपालिकाको अध्यक्षमा नवीन सुवेदी र राक्सिराङ गाउँपालिकाको अध्यक्षमा रोहन लामा निर्वाचित हुनुभएको छ ।

## क्षिरसागरको साधारणसभा

समाज संवाददाता

हेटौंडा : हेटौंडा-११ स्थित क्षिरसागर दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको ११औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सहकारीका अध्यक्ष शालिकराम पुडासैनीको अध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य कुमारी मोक्तानको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो ।

साधारणसभामा अध्यक्ष शालिकराम पुडासैनीले गत आर्थिक वर्ष २०८०/०८१ मा सहकारी संस्थाको शेयर पूँजी ६ लाख रुपैयाँ रहेको प्रतिवेदन पेश गर्नुभएको हो । उहाँले आर्थिक वर्ष २०८०/०८१ मा १ करोड ९८ लाख ७३ हजार रुपैयाँको आर्थिक कारोबार भएको बताउनुभयो ।

स्थानीय सरकारबाट प्राप्त हुने पशु बीमा कार्यक्रम, पशु खरिद अनुदान कार्यक्रम र विभिन्न रोग विरुद्धको अभियान कार्यक्रममा सहजीकरण गरिएको उहाँले बताउनुभयो। कृषकलाई आवश्यकता पर्ने सबै प्रकारको पशु आहारा संस्थाबाटै विक्रि वितरण गर्ने गरेको पुडासैनीले जानकारी दिनुभयो । साधारण सभामा वडा अध्यक्ष जुना दहालको पनि आतिथ्य रहेको थियो।

# लागूऔषध गाँजासहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः छुट्टाछुट्टै दुई स्थानबाट मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित तीनजनालाई पक्राउ गरेको छ। मकवानपुर प्रहरीले हेटौंडा-१९ नेवारपानीबाट लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ। बिहीबार दिउँसो ४ बजेर ३० मिनेटको समयमा धादिङको रोराङ गाउँपालिका-२ ताल्तीका ३५ वर्षीय सोमिलाल चेपाङ र २० वर्षीय किशोर चेपाङलाई गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

इलाका प्रहरी कार्यालय नेवार पानीबाट खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम राजमार्गअन्तर्गत नेवारपानीमा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको लु ३ ख १७४१ नम्बरको यात्रुवाहक बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार उनिहरुको साथबाट लागूऔषध गाँजा बरामद गरेको हो। प्रहरीले सोमिलाल र किशोरले बोकेको झोलाबाट १४ किलो ८३० ग्राम लागूऔषध गाँजा फेला पारेको जनाएको छ। लागूऔषध गाँजासहित सोमिलाल र किशोरलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि मकवानपुर जिल्ला अदालतको अनुमतिमा हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ ।

यस्तै मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित हेटौंडा-१४, नयाँबस्तीका ३३ वर्षीय चन्द्रबहादुर गोलेलाई पक्राउ गरेको छ। मंगलबार साँझ ५ बजेर ३० मिनेटको समयमा विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले गोलेको घरबाट ५ केजी गाँजा बरामद गरेको जनाएको छ । प्रहरीले गोलेलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट ३ दिनको म्याद अनुमति लिई अनुसन्धान गरिरहेको जनाएको छ ।

### तमू ह्यूल छौंज धीँ (गुरुङ राष्ट्रिय परिषद्)

जिल्ला समिति मकवानपुर

**छात्रवृत्तिसम्बन्धी सूचना**

यस संस्थाका पूर्व कोषाध्यक्ष श्री सृष्टि गुरुङ ज्यूले आफ्नो स्वर्गीय पीता माधव गुरुङ ज्यूको स्मृतिमा स्थापना गर्नुभएको स्व. माधव गुरुङ अक्षयकोष-२०७५ तमू ह्यूल छौंज धीँ (गुरुङ राष्ट्रिय परिषद्) मकवानपुरले सञ्चालन गर्ने गरी स्थापित अक्षयकोषको व्याजबाट मकवानपुर जिल्लामा स्थायी बसोबास भएका उच्च शिक्षा अध्ययनरत गुरुङ समुदायका छात्रछात्राहरुले मात्र यस छात्रवृत्ति कार्यक्रममा सहभागी हुन पाउने छ । सहभागी छात्रछात्राहरुलाई संस्थाले आफ्नो प्रक्रियाबाट छनोट गरी सफल विद्यार्थीलाई मिति २०८१ पुस १५ गते तमू ल्होसार मुप्री ल्होलाई विदाई गर्दै सप्री ल्होको आगमनमा हेटौंडा-११, सहीद स्मारकमा हुने गइरहेको औपचारिक ल्होसार कार्यक्रममा प्रदान गरिने भएकोले तपसीलमा उल्लेखित कागजपत्रहरुसहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजपत्र**

१) नागरिक वा जन्मदर्ताको प्रतिलिपि,
२) अध्ययनरत क्याम्पसको सिफारिस,
३) एसईईको प्रमाणपत्रको प्रतिलिपि,
४) अध्ययनरत तहको उपलब्ध प्रमाणपत्रको प्रतिलिपि ।

**आवेदन दिनुपर्ने अन्तिम मिति र स्थान :**
मिति : २०८१ पुस १० गते भित्र ।
स्थान : नेपाल आदिवासी जनजाति महासंघको कार्यालय
हेटौंडा-२, मानसचोक
सम्पर्क : ९८४५०५७०२४/९८५१०३२९१९

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४
The Voice of Community




## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।

- **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका ।
- **अनुभव** : आवश्यक छैन ।
- **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने ।
- **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।**



**सेवा सुविधाहरू**

- तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
- अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।

**सम्पर्क**

मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर

## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# पानी



✍विक्की लामा

पिउनका लागि चाहिन्छ पानी
जीवन जिउने आधार हो पानी
पानी नभए के होला हाम्रो जिन्दगानी
पानीले नै बनाउँछ शरीरलाई रानी ।

पृथ्वी नै हो पानीको खानी
सफा स्वच्छ बनाउने यसको राम्रो बानी
हाम्रो जीवनमा पानी नै चाहिन्छ
यो पानी जहाँ खोजे पनि सजिलै पाइन्छ ।

हजारौं ज्यान छ त्यसैको हातमा
सास पनि चल्दैन जब पानी छैन साथमा
जनावर, व्यक्ति र बोटविरुवालाई नि पानी
पानी बिना प्राणीको छैन जिन्दगानी ।

*कक्षा-७, कमला आधारभूत विद्यालय*
*हेटौंडा-१८*

# फूल



✍आयुषी केशरी

फूलको बगैंचामा सुगन्ध छर्ने
रङ्गीन सपना आँखामा भर्ने
प्रेमको प्रतीक, खुशीको चिनो,
फूलको महत्व कति गहिरो ।

फूल भनेको प्राकृतिक गहना,
रङ्ग-रङ्गी बगैंचाको चाहना ।
सुगन्धले मन मुग्ध बनाउने,
संसारलाई सुन्दरता दिन्छन् सजाउने ।

लालीगुराँस हिमाल झल्काउने,
गुलाफले प्रेमको कथा सुनाउने ।
चमेलीको बास्ना मिठो लाग्ने,
फूलले सबैको मन खुसी बनाउने ।

फूलैफूलले संसार सजाऊ,
मायाको सन्देश फूलबाट पठाऊ ।
फूलसँगै हाँसो छर्दै जिउँ,
प्रकृतिलाई माया गर्दै बाँचौं ।

*कक्षा-७, बाल जागृति इंग्लिस सेकेण्डरी स्कुल,*
*हेटौंडा-२*

# 'सामाजिक चेतनाका लागि समाचारपत्र'



✍दर्शन अधिकारी

***"समाचारपत्र समाजका आँखाहरू,***
***देखाउँछन् संसार, सुख दुःखका झलकहरू,***
***सत्यको खोजीमा निरन्तर लाग्छन्,***
***समाजको हितमा, आवाज उठाउँछन् ।"***

समाचारहरूको स्रोत नै समाचारपत्र हो । यसले सामाजिक चेतनालाई प्रवाह गर्छ। माथिको पद्यांशले पनि प्रष्ट हुन्छ कि समाचारपत्र हाम्रा समाजका चर्म चछु हुन् । समाजका परिवर्तित र विकासशील गतिहरूको बारेमा बुझ्नका लागि हामीलाई समकालीन जानकारी र सन्देशहरूको निरन्तर आवश्यक पर्दछ । यस्ता सन्देशहरूको सर्वाधिक प्रभावशाली र पहुँचयुक्त स्रोत भनेको समाचारपत्र हो । समाजका कुनै पनि व्यक्तिको संस्कृति, सामाजिक र नैतिक उन्नतिको प्रक्रिया नै सामाजिक चेतनाको विकास हो । यो विकास तब मात्र हुन्छ जब समाजका सदस्यहरुलाई स्पष्ट र पारदर्शी जानकारी प्राप्त हुन्छ । समाचारपत्रले एउटा व्यक्तिलाई चेतनशील बन्न मद्दत गर्छ जसले गर्दा सामाजिक चेतनाको उन्नति हुन्छ ।

समाचारपत्र केवल पत्रिकाको पाना मात्र होइन, समाजका सजीवदेखि निर्जीव वस्तुहरूको समस्याहरू दर्शाउने एक सशक्त माध्यम पनि हो । यसले हाम्रो वरिपरि भइरहेका समसामयिक गतिविधिहरूको बारेमा जानकारी दिई समाजमा चेतनाको सुवास फैलाउन मद्दत पुऱ्याउँछ । जसरी सूर्योदयले अन्धकारलाई चिरेर उज्यालो ल्याउँछ त्यसरी नै समाचारपत्रले समाजका अज्ञानतालाई चिरेर चेतनाको उज्यालो फैलाउँछ। समाचारपत्रले हाम्रो समाजमा सबै भन्दा चाहिने तत्व शिक्षालाई सम्पूर्ण राष्ट्रको कुना-कुनासम्म पुऱ्याउँछ। यसले हामी सबैलाई एकजुट भई समस्या विरुद्ध लड्न प्रेरित गर्छ । समाचारपत्रले अमानवीय गतिविधिहरूविरुद्ध आवाज उठाई हाम्रो समाजलाई सफलताको पदतर्फ डोऱ्याएको छ।

समाचारपत्रले शोषण र अन्याय विरुद्ध आवाज उठाई हामी सबै समाजका सदस्यलाई सहानुभूति सहिष्णुताको भावना अवलम्बन गर्न मद्दत गर्छ । समाचारपत्रले जानकारी र सूचनाको माध्यमद्वारा हाम्रो समाजमा असमानताको बादलहरू स्पष्ट छन् भन्ने कुरा समाजका सदस्यसम्म पुऱ्याउँछ । समाचारपत्रले अत्याचार र सामाजिक असमानता विरुद्ध आवाज उठाउँछ ।

यसले समाजका सदस्यहरूमा सामाजिक चेतनाको विकास गर्छ। समाचार पत्र वर्तमान परिवेशको समाचारको एउटा मूल केन्द्रबिन्दु हो । प्राचीन समयदेखि नै समाचारपत्रले समाजमा शिक्षा र जानकारीको प्रकाश छरिरहेको छ । स्वतन्त्रता संग्रामको समयमा आन्दोलन र आन्दोलनको विषय लिएर समाचार पत्रको समर्थनले गर्दा सम्पूर्ण राष्ट्रले युगान्तकारी सोच लिएर आफ्नो लक्ष्यतर्फ लागि सफलता प्राप्त गऱ्यो । त्यति मात्र होइन वर्तमान समयमा दलित, महिला अधिकार, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको अधिकार र सामाजिक समानताका विषयमा समाचारपत्रले ठूलो भूमिका निभाएको छ । जसले समाजमा जनचेतनाको सुगन्ध फैलाउँछ र सम्पूर्ण युवा वर्गलाई दीक्षित र शिक्षित बनाउँछ । यसका साथै समाचारपत्रले हरेक वर्गको समस्या र तिनको समाधानका उपायका बारेमा पनि चर्चा गरिरहेको हुन्छ। त्यसैले यसलाई मानव अधिकार र लोकतन्त्रको स्तम्भ भनेर पनि चिनिन्छ ।

अतः जनचेतना र लोकतान्त्रिक शासन व्यवस्थासँग हातेमालो गरिरहेर जनताका आवाजलाई प्रज्वलित गर्ने एउटा सशक्त औजार भनेको समाचारपत्र हो । समाचारपत्रलाई व्यवस्थापिका कार्यपालिका र न्यायपालिका पश्चातको चौथो अंग भनेर भनिन्छ । यसको माध्यमद्वारा सबै वर्गले एक आवाज पाएका छन् । अत्याचार, भेदभाव, असमानता जस्ता अमानवीय कुरीतिहरूको विरुद्ध आवाज उठाउने एक प्रभावशाली माध्यम भनेकै समाचारपत्र हो । यस कारण सामाजिक चेतनाको विकास गर्ने एक मुख्य तत्व भनेको समाचारपत्र हो। समाचारपत्र एक पानाको टुक्रा मात्र होइन शोषित र भुइँ मान्छेहरूको एक मजबुत आवाज हो, जसले समाजका पीडित वर्गको वास्तविकता हामी सामु ल्याउँछ ।

*कक्षा-१० नवोदय शिशुशदन, हेटौंडा-४ कमलडाँडा*

*(समृद्ध समाज राष्ट्रिय दैनिकको १५औं वार्षिकोत्सवको अवसरमा आयोजित निबन्ध लेखन प्रतियोगितामा सहभागी निबन्ध ।)*

# यो श्रद्धा सुमन



✍जनार्दन खनाल

हेटौंडाबाट बकैयातर्फ म जान लागेको
आरामपुर बाटामा मान्छे छन् जम्मा भएको
देख्दामा लाग्यो अवश्य पनि दुखद् घटना
घटेको पक्कै अवश्य छ है त्यो मान्छे को होला ?

साथमा सँगै बसेकी नानी सुस्मिता बहिनी
उनले भनिन् मेडम रेखा सासु ज्यू खत्यौडनी
माइती हात्तीसुँढेमा भैगो घिमिरे घरको
शिक्षक नै हो श्रीमान् पनि निवृत्त भएको ॥

पुगियो ठूलोदमार जब बल्ल भो सम्झना
आएको कठै अरुण अनि बरुण मनमा
सुस्मिता नानी लौ याद आयो विजया देवीको
आमाको मृत्यु भएछ कठै यी दुई भाइको ॥

अठासी वर्षे उमेरसम्म आमाको सुसार
गर्न पाउनु सन्तानलाई म भन्छु औसर
चारओटी छोरी दुईटा छोरा हुर्काई पढाईं
समाज बीच अरुको सामु सक्षम बनाई ॥

चिनारु मान्छे श्री राधेश्याम नबस्ने घरमा
नचिन्ने पनि बिरलै होलान् यो जिल्लाभरमा
आमाकै भर चलेको घर लालन-पालन
संघर्ष गर्न पऱ्यो नै होला जीवन-यापन ॥

शरीर रोगी भएको पनि सुन्नमा आएन
नजिक हैन टाढाकै कुरो खै थाहा भएन
जन्मिएपछि मर्नु नै पर्छ अमर को छ र
बालक वृद्ध भएको घर हुन्छरे र सुन्दर ॥

आमाको कोख उज्यालो विद्वान असल
सन्तानहरु हुनु नै पनि जीवन सफल
सबैको राम्रो समृद्धि सुख सन्तोषजनक
आमाका लागि यो भन्दा खुसी के हुन्छ होला त ?

शोकमा मात्रै बसेर हाम्रो दैनिकी चल्दैन
दुःख र सुख मिश्रित रैछ यो हाम्रो जीवन
हार्दिक श्रद्धाञ्जली छ आमा सन्तप्त जनमा
आफन्ती अन्यहरुमा मेरो छ समवेदना ॥

भेटिन्न आमा जीवनभर उनकै अभाव
खट्किँदै जान्छ अवश्य पनि मानवीय स्वभाव
आत्माले शान्ति अवश्य पाओस् नपरोस् जन्मन
दिँदैछु मैले हृदयैदेखि यो श्रद्धा सुमन ॥

*बकैया-४, छतिवन, मकवानपुर*

(हेटौंडा-१८, ठूलोदमार निवासी जयादेवी खतिवडाको अठासी वर्षको उमेरमा यहि मंसीर २५ गते असामयिक निधन भएकोले चीर शान्तिको कामना गर्दै लेखिएको झ्याउरे भाका ।)

# गाउँखाने कथा

१. माल किन्नु पर्दा सँगै जान्छु आफू आउन्न मान पठाउँछु ।
- रुपैंया, पैसा


२. मास्तिर जाँदा हात हल्लाउँदै गयो, तलतिर आउँदा एक्लै आयो ।
- डोरी बाटेको

३. बेसीमा कुलो लेकमा खेत, कतातिर टुप्पो कतातिर टुप्पो कतातिर फेद ।
- इन्द्रेणी

४. बैंठक कोठा ढुक्क रुँग्छ, मान्छे बसे लिपिक्क हुन्छ ।
- सोफा

५. गोलो चकटीमा बस्न नहुने, बस्न खोजे ज्यानै नरहने ।
- इनार

# मुक्तक



✍सुरज बोलखे

पिउन देउन अलिकति नपिए त सार चल्दैन ।
युद्धमा होमिएको सिपाहिको तरबार चल्दैन ॥
तिमी माया माया भन्छौ माया त गरेकै छु नि ।
तिम्रो अनुहार हेरेर मात्रै मेरो घरबार चल्दैन ॥

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**







सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४





दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट
हेटौंडा-४





आरोन राज बैद्य
कक्षा-६, सिद्धार्थ शिशु सदन,
हेटौंडा-५

# पासाङ र यति



✍ पल्कु डोल्मा लामा

एकादेशमा एउटा गाउँमा पासाङ नामक एक साहसी युवक बस्दथ्यो । ऊ पहाड र हिमालको अपूर्व सौन्दर्यमा रमाउँथ्यो । एकदिन हिमालमा हिउँ खेल्न जान मन लाग्यो । उसले आफ्नो झोलामा केही लुगा र खाद्य सामग्री राखेर तयार भयो । उसँगका साथीहरू पनि त्यही यात्रा गर्न चाहन्थे । उनीहरूलाई गाइड गर्ने एक अनुभवी मानिस पनि थियो ।

अर्को दिन बिहान सबेरे उनीहरू हिमालतर्फ प्रस्थान गरे । लामो समय हिँड्दा साँझ पर्न लाग्यो त्यसैले उनीहरूले एक स्थानमा क्याम्प लगाएर रात बिताउन निर्णय गरे । सबै जना आरामसँग सुत्न गए तर पासाङको मन भने अलि बढी उत्साहित थियो ।

अर्को दिन बिहान सबैले हिउँको रमाइलो गर्ने स्थानमा पुगेर खेल्न थाले । पासाङ र उसका साथीहरू चिया र स्न्याक्स लिन गइरहेका थिए कि पासाङले एउटा अजीब गुफा देख्यो । गुफा ठूलो र गहिरो थियो । उसले गुफामा जानु अघि साथीहरूलाई भनयो, 'हामी त्यो गुफा हेर्न जानु पर्छ ।'

उसको साथीहरूले भने, 'सावधान । यो स्थान रहस्यमय छ ।' तर पासाङ भने साहसिक थियो, त्यसैले उसले गुफा भित्र पस्ने निर्णय गर्‍यो ।

गुफामा पस्दा, उसले अनगिन्ती हड्डीहरू देख्यो । यी हड्डीहरू पुराना जस्ता लाग्थे । गुफाले गहिरो शान्ति र डरको मिश्रणलाई अनुभव गरिरहेको थियो । पासाङ बढी नडराई, अचानक एउटा विशाल यति देख्यो । यति ठूलो र भयङ्कर थियो । यति एकदम चुपचाप पासाङको पछाडि आइपुग्यो ।

आत्तिएर पासाङ दौडेर गुफा बाहिर निस्कियो तर त्यतिबेला हिमपात कडा भएर छिट्टै उसको खुट्टालाई पुरिदियो । त्यही क्षणमा त्यही विशाल यतिले पासाङलाई देखेर उचालेर रुखको मुनि लगेर राख्यो ।

पासाङले यतिको वास्तविकता बुझ्यो । यो कुनै घातक प्राणी थिएन, बरु एक प्रकारको संरक्षक थियो जसले उसलाई बाँच्न मद्दत गरिरहेको थियो ।

ऊ र यति बीचको सम्बन्ध क्रमश: मित्रवत् बदलियो । पासाङले यतिसँग समय बिताउँदै गयो । यसले उसलाई अन्धकार गुफा र हिमालका अपूर्व दृश्यहरू देखायो । उसले बुझ्न थाल्यो कि सबै जीवधारीका आफ्ना कारण र उद्देश्य हुन्छन् र उनका सम्बन्धहरू केवल डर र रहस्यको आधारमा मात्र बनेका हुँदैनन् ।

त्यो दिनदेखि, पासाङ र यति एक-अर्काका साहसिक साथी बने । उनीहरूले सँगै हिमालको रहस्यलाई उजागर गर्दै नयाँ मित्रता र साहसका अध्याय लेख्न थाले ।

*कक्षा-३, नवोदय शिशु सदन, हेटौँडा-४*

## शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।०९।०६)*

प्रस्तुत विषयमा हेटौँडा उपमहानगरपालिका, शिक्षा विकास महाशाखा, हेटौँडा, मकवानपुरको च.नं. ३२२, मितिः २०८१।०९।०५ को प्राप्त पदपूर्ति अनमतिपत्र तथा यस विद्यालयको वडा शिक्षा समितिको मिति : २०८१।०९।०२ को बैठकको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह विज्ञान विषय अनुदान कोटामा १ (एक) जना शिक्षक आवश्यक्ता रहेको हुँदा इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

**१. विज्ञापन नं. : १।०८१।०८२**
२. तह : मावि (राहत अनुदान कोटा)
३. विषय : विज्ञान
४. सेवा सुविधा : नेपाल सरकारको नियमानुसार ।
५. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६. न्यूनत्तम शैक्षिक योग्यता : विएस्सी वा सो सरह उत्तीर्ण ।
७. दरखास्त दस्तुर : रु २,०००।- (नेपाल बैंक चल्ती खाता न.०२५००१००४४०८१४००००१ मा रकम जम्मा गर्नु पर्नेछ ।
८. दरखास्त दिने अन्तिम मिति : २०८१।०९।१९ गते दिउँसो ४:०० बजेसम्म ।
९. सम्पर्क मिति : २०८१।०९।२१ गते
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
११. परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन

**आवश्यक कागजातहरू :**
१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु (२ थान)
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (२ थान)
३. अध्यापन अनुमतीपत्रको प्रतिलिपि (२ थान)
४. शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि (२ थान)
५. अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि (२ थान)
६. हस्तलिखित निवेदन १ प्रति
८. सम्पूर्ण कागजपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि (२/२ थान )

**नोट**: शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार लिस्टमा भएका उम्मेदवार लाई विज्ञापन भएको मितिदेखि ७ (सात) दिनभित्रमा निवेदन पर्न आएमा योग्यताक्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम छनोट गरी नियुक्ती दिइनेछ ।
सम्पर्क नं. : ९८५५०७२९०५ र ९८५५०२७९२७ र ९८५५०५६०५०

**शिक्षक छनौट समिति**
**श्री महेन्द्र माध्यमिक विद्यालय**
**हेटौँडा-१३, पदमपोखरी**

## मोटरसाइकल हराएको सूचना

**सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिकाको नाममा रहेको बा प्र ०३-००१ ब ०३५८ नम्बरको बजार कम्पनिको १५० सीसीको कालो रंगको मोटरसाइकल (इन्जिन नं. DHXPNC03987, चयाचिस नं. MD2A11CX1NPC20422) मिति २०८१/०६/०७ गते देखि हरिहरपुरगढी गाउँपालिका-२, झनझने कर्मचारी आवास (छत्रबहादुर राईको घर) मा पार्किङ गरी राखेको अवस्थामा अन्दाजी रातको १२ बजेदेखि २ बजेको बीचमा हराएको हुँदा कहीं कतै देख्नुहुने महानुभावले हरिहरपुरगढी गाउँपालिकाको कार्यालय, झनझने सिन्धुली वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनुरोध गरिन्छ ।**

## हेटौंडा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
वागमती, प्रदेश, नेपाल

### सूचना

हेटौडा उपमहानगरपालिकाको आयोजनामा तपशिलका स्थान मिति र समयमा व्यवसाय शिविर सञ्चालन हुन गइरहेकोले व्यवसाय दर्ता, नवीकरण तथा घरभाडा तिर्न घरधनीहरुलाई आवश्यक कागजपत्र संलग्न राखी निम्न तालिका बमोजिम आफ्नो वडा कार्यालयमा गई व्यवसाय सम्बन्धी सुविधा लिनहुन अनुरोध छ ।

**व्यवसाय शिविरको तालिका :**
**समयः विहान ८ बजेबाट** **मितिः२०८१ पौषदेखि माघ मसान्तसम्म**

| क.स. | वडा नम्बर | मिति | स्थान | कै. |
|---|---|---|---|---|
| १ | १८ | २०८१।०९।०७ र ०८ गते | वडा कार्यालय, हर्नामाडी | |
| २ | १७ | २०८१।०९।०९ र ११ गते | वडा कार्यालय, हटिया | |
| ३ | १६ | २०८१।०९।१२ र १४ गते | वडा कार्यालय, चिसापानी | |
| ४ | ०६ | २०८१।०९।१६ र १७ गते | वडा कार्यालय, चौघडा | |
| ५ | ०७ | २०८१।०९।१८ र १९ गते | वडा कार्यालय, नागसोती | |
| ६ | ०८ | २०८१।०९।२१ र २२ गते | वडा कार्यालय, कमाने | |
| ७ | १५ | २०८१।०९।२३ र २४ गते | वडा कार्यालय, रातोमाटे | |
| ८ | १४ | २०८१।०९।२५ र २६ गते | वडा कार्यालय, मयुरधाप | |
| ९ | १३ | २०८१।१०।०२ र ०३ गते | वडा कार्यालय, पदमपोखरी | |
| १० | १२ | २०८१।१०।०४ र ०६ गते | वडा कार्यालय, पान्तले हात्तीगौडा | |
| ११ | ०९ | २०८१।१०।०७ र ०८ गते | वडा कार्यालय, लामसुरे | |
| १२ | १० | २०८१।१०।०९। र १० गते | वडा कार्यालय, वसपार्क | |
| १३ | ०१ | २०८१।१०।११ र १३ गते | वडा कार्यालय, चाईनाक्वाटर | |
| १४ | ११ | २०८१।१०।१४ र १५ गते | वडा कार्यालय, नवलपुर | |
| १५ | ०३ | २०८१।१०।२० र २१ गते | वडा कार्यालय, वसामाडी | |
| १६ | १९ | २०८१।१०।२२ र २३ गते | वडा कार्यालय, वस्तिपुर | |
| १७ | ०४ | २०८१।१०।२४ र २५ गते | वडा कार्यालय, हुप्राचौर शितलमहल चोक | |
| १८ | ०५ | २०८१।१०।२७ र २८ गते | वडा कार्यालय, सानोपोखरा | |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व व्यवस्थापन शाखा**

## मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडाको
## शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/०६)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाका लागि निम्न पदहरु करारमा पूर्ति गर्नुपर्ने भएकाले क्याम्पस सेवा समितिको मिति २०८१/०८/२७ गतेको निर्णयानुसार देहाय वमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाणपत्रका प्रतिलिपि र एकप्रति फोटोसहित स्वहस्तलिखित दरखास्त (कार्यालय समयभित्र) आव्हान गरिएको छ ।

**विज्ञापन नं. : ७/२०८१/२०८२**
विषय : गणित (Mathematics)
पद : सहायक प्राध्यापक (पूर्णकालीन करार)
संख्या : १ (एक)
न्यूनतम योग्यता :- गणित विषय लिई एम.ए. वा एम.एस्सी. तह कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ ।
छनौट विधि : लिखित, कक्षा अवलोकन तथा अन्तर्वार्ता ।
पारिश्रमिक : क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुर : रु. ५००/- (पाँच सय) मात्र ।
सम्पर्क नं. : ०५७-५२०६२०, ५२१८६७, ५२३७६२

**मकवानपुर बहुमुखी क्याम्पस**
**हेटौंडा, मकवानपुर**

## अफ्रिकन स्वाइन फिभर बारे जानकारी:

अफ्रिकन स्वाइन फिवर सुगुर, बंगुर, बदेलमा लाग्ने बिषाणुजन्य संक्रामक रोग हो

यस रोगको सङ्क्रमण दर १००% र मृत्युदर ५-१००% सम्म हुन सक्छ

**रोग सर्ने कारणहरू:**
सङ्क्रमित बंगुर, सुंगुर र बदेल बीच प्राय सम्पर्कबाट ।
रोगी पशुको-याल, रगत, मलमुत्र मासु वा यिनीहरुको लसपसमा आएका दानापानी लगायतका सामाग्री मार्फत स
सङ्क्रमित खोरमा गएको मानिसहरुको कपडा, जुत्ता, चप्पल आदि मार्फत ।
बंगुरलाई फोहोर वा खेर फालेको सङ्क्रमित खाना खुवाएर आदि

**मुख्य लक्षणहरू :**
उच्च ज्वरो आउने ।
दानापानी नखाने, झोक्राउने, शरीरमा रगतका धम्बाहरु देखिने, कानको टुप्पोमा, खुट्टामा र पेटको तल्लो भागमा रगत जमेका कालानिला डामहरु देखिने ।
ब्याउने बंगुरहरु तुहिने, श्वास प्रश्वासमा समस्या देखिने, रगत मिश्रित पखला हुने प्राय लक्ष्यण देखिएको ८-१० दिनमा मृत्यु हुने ।

**उपचार र रोकथाम:**
हालसम्म ठोस उपचार नभएको र हालसम्म अन्तराष्ट्रिय मान्यताको खोप पनि नभएको ।
जैविक सुरक्षाका उपायहरु र असल बंगुर पालन अभ्यास नै रोकथामको बिकल्प रहेको ।

**पशु सेवा कार्यालय मकवानपुर**

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**ः अनुभव वा ज्ञानको कमीलाई हटाउन सकिने छ । आर्थिक अवस्था प्राप्त हुने योग देखिन्छ । घरपरिवार र सन्ततिको जिम्मेवारीमा समय बित्ला । सम्झौता र करार गर्न उपयुक्त समय छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । बुद्धिकौशलले काममा पूर्णता प्राप्त होला । धार्मिक एवम सामाजिक एवम साँस्कृतिक कार्यमा समय बित्ला । अध्ययन–अध्यापन ठिकै रहने समय योग छ ।

**वृष राशि**ः रोमान्टिक जीवनमा केही असहज प्राप्त हुनेछ । साथीसंगीको साथ पाउनाले मन प्रसन्न हुनेछ । पठनपाठनको क्षेत्रमा समस्या समाधान हुने समय योग छ । मानसिक थकान बढ्ने समय योग छ । धार्मिक एवम् परोपकारजन्य कामबाट लाभ प्राप्त हुने समय योग देखिन्छ । आफन्तको आगमनले सेवा चकारीमा समय व्यतित हुनेछ । रोकिएका कामहरु बन्ने सहज योग रहेको देखिन्छ ।

**मिथुन राशि**ः सामाजिक वा साङ्गठनिक काममा कारण नियमित कामधन्धामा असर पर्ने छ । धनसम्पत्तिका लागि आजको प्रयास र मिहिनेतबाट लाभ मिल्ला । सेवामूलक र परोपकारी कामबाट प्रतिष्ठा र मान प्राप्त होला । महत्वपूर्ण उपलब्धी प्राप्त होला । धार्मिक एवम् परोपकारजन्य कामबाट लाभ प्राप्त होला । महत्वपूर्ण उपलब्धी प्राप्त होला । धार्मिक एवम् परोपकारजन्य कामबाट लाभ प्राप्त होला । पढाइ–लेखाइ ठिकै रहला । परिश्रमको उत्कृष्ट नतिजा प्राप्त हुनेछ ।

**कर्कट राशि**ः मानसम्मान, इज्जत र प्रतिष्ठा बढ्ने समय योग छ । सुख र आनन्दको चिन्ताले सताउने छ । हाँके/ताकेको उपलब्धि प्राप्त हुनेछ । महत्वकांक्षा बढ्ने समय योग रहेको छ । व्यापार–व्यवसाय मध्यम छ । बोली र नम्रतामा बिचार पुर्‍याउँदा राम्रो रहन्छ । अध्ययन–अध्यापन मध्यमकारक छ । गुरुजनबाट स्याबासी प्राप्त हुनेछ । प्रेम जीवन ठिकै रहला ।

**सिंह राशि**ः मन बिचलित भएपनि समय लाभप्रद रहने छ । व्यवहारिक र लचिलो बनाउँदा अझ राम्रो रहन्छ । निर्णय क्षमतामा दृढता प्राप्त प्राप्त हुनेछ । साहस, हिम्मत र आत्मबल जुटाएर काम गर्ने समय छ । कामधन्धा, व्यवसायबाट लाभ प्राप्त हुने समय योग छ । सापटीमा गएको धन फिर्ता आउला । धार्मिक कृत्यमा सरिक भइने छ । पढाइ–लेखाइ ठिकै छ ।

**कन्या राशि**ः बजेटलाई सन्तुलनमा राख्ने प्रयास गर्दा राम्रो । सबल र दुर्बल पक्षमा चिन्तन गर्दा राम्रो रहन्छ । नसोचिकन काम गर्दा खाडलमा परिएला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । हिसाबकिताब र लेनदेनमा सतर्कता अपनाउँदा राम्रो रहन्छ । गल्ला र सेफको सुरक्षामा समेत ध्यान पुर्‍याउनु पर्ला । धार्मिक एवम् सामाजिक यात्रा योग रहने समय छ ।

**तुला राशि**ः नचिताएको काम पूर्ण हुने समय छ । धार्मिक एवं पारस्परिक कामको दायित्व बढ्ला । रोकिएको काम पूर्ण होला । बन्धुबान्धवबाट सहयोग प्राप्त हुनेछ । विपरीत लिङ्गिसँग बँच्दा राम्रो रहन्छ । काममा निष्ठापूर्वक अगाडि बढ्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक रहन्छ । अनियमित र बेठिक कामका कारण मन बिचलित होला ।

**वृश्चिक राशि**ः समय ठिकै छ । जाँगिरमा मन जाने छ । विवाद र समस्यालाई सकारात्मक ढंगले समाधान गर्न सकिने छ । कामको चापबाट फुर्सद पाइने समय छ । जीवन साथीले आफ्नो विवशता नबुझ्दा दिक्क लाग्न सक्छ । भाग्य होइन कर्ममा विश्वास गरिने छ । व्यापार–व्यवसाय ठिकै छ । धार्मिक एवं सामाजिक काममा मन जाने योग छ ।

**धनु राशि**ः व्यापार–व्यवसाय मध्यमकारक रहने छ । धार्मिक एवं आध्यात्मिक चेतना बढ्ने समय योग छ । नियमकानुनको पालना गर्न उचित हुनेछ । बन्दव्यापार मध्यमकारक छ । महत्वपूर्ण व्यक्तिसाथ सम्पर्क बढ्ने समय छ । अध्ययन–अध्यापन मध्यमकारक रहन्छ । धार्मिक एवम् सामाजिक काममा मन जाने समय योग रहेको छ । मन बिचलित होला ।

**मकर राशि**ः खानपानमा अरुचि बढ्न सक्ने योग छ । आफ्नो कुरा छाडी अरुको कुरा गर्दा राम्रो रहने समय योग छ । व्यापार गर्नेका लागि अस्वस्थ भए आराम गर्दा राम्रो रहन्छ । यन्त्र उपकरणको प्रयोगमा ध्यान पुर्‍याउँदा राम्रो रहन्छ । आध्यात्मिक गतिविधिका काममा सरिक भइएला । अर्कोको काम र साक्षी जमानी नबस्दा राम्रो ।

**कुम्भ राशि**ः पुरस्कारबाट लाभ प्राप्त होला । आकस्मिक रुपमा भौतिक उपकरण हातलागी होला । मनमा अन्यौलता र शरीरमा भारीपन देखिएला । आनन्द र खुशीमा रमाइएला । जोस, जाँगर र फूर्तिलो पन बढ्ने समय छ । मन चञ्चल हुन सक्छ । प्रतिष्ठा र सम्मानमा अभिवृद्धि होला । आध्यात्मिक भावनाको वृद्धि हुनेछ ।

**मीन राशि**ः अनाश्वयक काममा समय खेर फालिएला । व्यापार–व्यवसाय मध्यम छ । विश्वास जित्न केही समय लाग्न सक्छ । सामाजिक र धार्मिक कार्यमा सरिक भइने छ । जिद्धीपन र घमण्ड बढ्ने समय छ । बिग्रे/भत्केका काम पूरा गर्ने समय छ । निर्णय क्षमताले काम नगर्न सक्छ । पढाइ–लेखाइ ठिकै छ । मुद्धा मामिलामा विजय होला ।

**सञ्चालनमा आयो**

**पशुपति ईभी चार्जिङ स्टेशन**

हेटौँडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



**६ वटा चार्जिङ युनिटसहित**

सम्पर्कः ९८४५०६८८७३

# अपाङ्गता भएका व्यक्ति अधिकार पाउन संघर्षरत

जमुना तामाङ

हेटौंडाः नेपालमा ६ लाख ४७ हजार ७ सय ४४ जना अपाङ्गता भएका व्यक्ति छन् । धेरैजसो प्राकृतिक दुर्घटना, हिंसा, द्वन्द्व, महामारी तथा दीर्घकालीन रोगजस्ता कारणले जुनसुकै वर्गका व्यक्तिहरु अपाङ्गता हुने गरेका छन् । अपाङ्गता भएकामध्ये पनि महिला र बालबालिका बढी दुर्व्यवहारको शिकार हुने गरेको तथ्यांकले देखाएको छ ।

दुर्व्यवहारको शिकारमात्र नभई बौद्धिक अपाङ्गता भएका दुई तिहाइभन्दा बढी व्यक्ति कहिल्यै विद्यालय नगएको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक राजन सिलवालले जानकारी दिनुभयो । जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरु अहिले पनि अधिकार पाउन संघर्षरत छन् ।

नेपालमा ५ वर्षदेखि २५ वर्ष उमेर समूहका २३ प्रतिशत अपाङ्गता भएका व्यक्ति कहिल्यै विद्यालय नगएको पाइएको छ । सबैभन्दा बढी बौद्धिक अपाङ्गता भएका व्यक्ति ६८ दशमलव ४ प्रतिशत कहिल्यै विद्यालय जाने गरेका छैनन् । अटिजम भएका व्यक्ति ४७ दशमलव ५ प्रतिशत, मानसिक तथा मनोसामाजिक समस्या भएका व्यक्ति ४७ दशमलव ६ प्रतिशत हुँदा सबैभन्दा कम न्यून दृष्टियुक्त व्यक्ति ८ प्रतिशत कहिल्यै विद्यालय नजाने गरेको तथ्यांकमा छ ।

बागमती प्रदेशमा अपाङ्गता भएका व्यक्ति ५१ दशमलव ६ प्रतिशत साक्षर रहेको सिलवालले बताउनुभयो । २०७८ को जनगणनाअनुसार बागमतीमा अपाङ्गता भएका व्यक्ति १ लाख २४ हजार एक सय छन् । तीमध्ये सबैभन्दा बढी शारीरिक अपाङ्गता भएका व्यक्ति ४३ हजार ५ सय ४ जना छन् । कोशीमा एक लाख १७ हजार २ सय १९ जना, मधेशमा ९१ हजार ४ सय जना, गण्डकीमा ७२ हजार ३ सय ३० जना, लुम्बिनीमा एक लाख २० हजार ४ सय १४ जना  र कर्णालीमा ५२ हजार ५ सय ४ जना अपाङ्गता भएका व्यक्ति छन् । सबै प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुको हकअधिकारका सवालमा काम गर्ने ४ सय संस्था ७७ वटै जिल्लामा क्रियाशील छन् । बागमती प्रदेशभित्र मात्र एक सय ७१ वटा  संस्था छन् ।

हेटौंडा उपमहानगरपालिका कार्यालयकी महिला बालबालिका महाशाखाका अधिकृत मन्दिरा थापाले अटिजम भएका व्यक्ति अस्पतालसम्म पुग्न नसकेको बताउनुभयो । परिवारले नै उपचारका लागि अस्पताल नपुऱ्याउँदा स्वास्थ्य समस्या झन जटिल बनेको उहाँले जानकारी दिनुभयो । लामो समयदेखि नै राष्ट्रिय अपाङ्गता सर्वेक्षण प्रभावकारी नभएको प्रश्न उठ्ने गरेको राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश अध्यक्ष अस्मिन लम्सालले बताउनुभयो । १२ औं जनगणनाबाट पनि अपाङ्गता भएका व्यक्तिहरुको यकिन तथ्यांक बाहिर आउन नसकेको उहाँको भनाइ छ ।

भारतको उडिसामा भएको एक अध्ययनमा अपाङ्ता भएका २५ प्रतिशत महिला र बालबालिकालाई घरभित्र पिटिएको उहाँले बताउनुभयो । बौद्धिक अपाङ्गता भएका २५ प्रतिशत महिलालाई बलात्कार गरिएको र ६ प्रतिशतलाई जबरजस्ती परिवार नियोजन गराइएको तथ्यांक प्रस्तुत गर्नुभयो । 'युनेस्कोका अनुसार विकासोन्मुख देशका अपाङ्गता भएका ९० प्रतिशत बालबालिका विद्यालय जाँदैनन्', अध्यक्ष लम्सालले भन्नुभयो- 'नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको यकिन तथ्यांक बाहिर नआउनु दुःखद विषय हो ।' अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गर्न, अपाङ्गता भएका व्यक्तिहरुले भोगेका व्यवधान, पहिचान गर्न, उपयुक्त नीति तथा कार्यक्रम तय गर्न सहज हुने भन्दै नेपालमा पुनः राष्ट्रिय अपाङ्गता सर्वेक्षण हुँदैछ ।

# हार्दिक श्रद्धाञ्जली



जन्म : २०१३/०७/२०

**स्व. नरेन्द्रकुमार श्रेष्ठ**

स्व. : २०८१/०८/२५

हाम्रा सहयोगी मनकामना फोटोकपि सेन्टरका सञ्चालक नितेश श्रेष्ठ, रितेश श्रेष्ठ र दिपेश श्रेष्ठका परमपुजनीय पिता श्री **नरेन्द्रकुमार श्रेष्ठ**को २०८१ साल मंसिर २५ गतेका दिन असामयिक स्वर्गारोहणको खबरले हामी मर्माहत भएका छौं । बुबाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । यस दुखद् घडीमा शोकसन्तप्त परिवारमा धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रिन्सीपल

**एवम् शिक्षा विकास शिशु सदन परिवार**

हेटौंडा-३, बसामाडी

## क्षमता अभिवृद्धि प्रशिक्षण सुरु

समाज संवाददाता

हेटौंडाः महिला पतञ्जली योग समिति मकवानपुरको आयोजनामा दुई दिवसीय उद्घोषण कला तथा क्षमता अभिवृद्धि प्रशिक्षण कार्यक्रम सुरु भएको छ । शुक्रबार हेटौंडामा महिला पतञ्जली योग समिति मकवानपुरकी अध्यक्ष शकुन्तला सिंह र पतञ्जली योग समिति बागमती प्रदेशका सदस्य ध्रुवप्रसाद पौडेलको प्रमुख आतिथ्यमा प्रशिक्षण सुरु भएको हो । 'घर-घरमा योग : स्वस्थ शरीर, सकारात्मक सोच' भन्ने उद्देश्यले प्रशिक्षण सुरु भएको हो । प्रशिक्षक दीपकराज मिश्रले प्रशिक्षण दिनुहुनेछ । प्रशिक्षणको उद्घाटन कार्यक्रममा पतञ्जली योग समिति मकवानपुरका कार्यवाहक अध्यक्ष राजन थापा लगायतको उपस्थिति रहेको थियो ।

## करेन्ट लागेर मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली जिल्लाको दुधौली नगरपालिका-४, बैरामा करेन्ट लागेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ६० वर्षीय मल्लु अधिकारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

बिहीबार दिउँसो १ बजेर ३० मिनेटको समयमा अधिकारी कमला खोलामा रहेको सिचाईको मोटर चलाई करेसा बारीमा पानी लगाउने क्रममा करेन्ट घोप्टो परेको अवस्थामा फेला परेका थिए । अधिकारीलाई उपचारका लागि दिउँसो २ बजेको समयमा नेपाल आमा मेमोरीयल हस्पिटलमा लगिएकोमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

## निबन्ध सङग्रहमाथि विमर्श

समाज संवाददाता

हेटौंडाः मोमिला जोशीको निबन्ध सङ्ग्रह 'प्रश्नहरु बाँकी नै रहन्छन्...' माथि विमर्श भएको छ । आँचल सहित्य कला पुञ्ज मकवानपुरको आयोजनामा शुक्रबार हेटौंडा-४ स्थित साहित्य संगम-सिस्नुपानी नेपालको सभाहलमा भएको कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले समीक्षा गर्नुभएको थियो ।

कार्यक्रमको सहजीकरण गर्नुभएका कवि सुवास खनालले मोमिलाको निबन्ध सङ्ग्रहमा समावेश भएका निबन्धले नारीचेत, मृत्युचिन्तन, स्वस्वार्थका लागि इतिहास तोडमरोड गर्न खोज्नेहरुप्रतिको खबरदारी, बाल्यकाल र बिरामी आमाको स्मरण, युद्धपीडा, व्यङ्चेत, विचार समावेश गरिएको बताउनुभयो । लेखक जोशीले निबन्ध सरल शव्दमा लेखिएको बताउनु भयो । आँचल साहित्य कला पुञ्ज मकवानपुरकी अध्यक्ष भावना सापकोटाको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।


## कृषि विकास बैंक लि.बाट लिएको ऋणको भाखा नाघेको कर्जाको साँवा-व्याज भुक्तानी गर्न आउने सम्बन्धी २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनी तथा संचालकहरुको नाम) | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | कर्जाको उद्देश्य | साँवा रकम रु. | मिति २०८१।८।म. सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शान्ती अप्टीकल प्रो. सुदिप ठकुरी (१७०३८३३) | हेटौंडा-१०, आँखा अस्पताल अगाडी ९८५५०७२४३९ | तेज बहादुर ठकुरी | बलराम ठकुरी | व्यापार कर्जा (सञ्चालन पुँजी) | २०,००,०००।०० | २,६८,१२०।६८ | २२,६८,१२०।६८ | बाबु : बलराम ठकुरी | |
| २. | युनिषा सप्लायर्स (प्रो.रिता थापा) (१०१६७९३) | हेटौंडा-०१, चाइनाक्वाटर ९८५५०६७०९० | गजेन्द्र बहादुर थापा | चिनिया खत्री/ध्रुव थापा | व्यापार कर्जा (सञ्चालन पुजी) | १४,२०,०००।०० | १,९२,७८०।०६ | १६,१२,७८०।०६ | पतिः ध्रुव थापा | |
| ३. | बाल कुमारी विश्वकर्मा (१०४९५२६) | हेटौंडा-११, शान्तीचोक ९८२४७९२७१६ ९८०९१५३०९७ | मान बहादुर कामि जित बहादुर | विश्वकर्मा/गणेश विश्वकर्मा | सरल कृषि कर्जा सञ्चालन पुँजी | ७५०,०००।०० | ४५७००।४० | ७९५,७००।४० | पति : गणेश विश्वकर्मा | |
| ४ | परमानन्द कृषि फर्म (प्रो. केशर कुमार नेपाली) (१८२४२००) | हेटौडा-९, प्रगतिपथ ९८४५१६४७८० ९८०६८५५४३५ | मान बहादुर नेपाली | हरि बहादुर नेपाली | व्यवसायीक कृषि कर्जा (सञ्चालन तथा स्थीर पुँजी) | १७,७२,०००।०० | १,१५,६९३।७६ | १८,८७,६९३।७६ | श्रीमती : गोमा कुमारी क्षेत्री | |
| ५. | विनोद सुवेदी (२७४४६७) | हेटौंडा-५, सानोपोखरा ९८५५०६७६९९ | फत्ते बहादुर सुवेदी | शिव बहादुर सुवेदी | कर्मचारी सेवा कर्जा सरल कृषि कर्जा (सञ्चालन पुँजी) | २८,००,०००।०० २०,००,०००।०० | १९५,९०८।४९ १२५८३२।९० | २९,९५,९०८।४९ २१,२५,८३२।९० | श्रीमती : हिमा सुवेदी | |
| ६ | सिमसार पशुपालन फर्म (प्रो. कृष्ण कुमारी बानियाँ) (१८५१३११) | हेटौडा-१८, बेलघारी ९८५१०३४३३४ ९८४१८२४४७८ | ओम मान सिं बानियाँ | तिर्थ बहादुर /दुर्गा बहादुर बानियाँ | व्यवसायीक कृषि तथा पशुपन्छि कर्जा (स्थीर तथा सञ्चालन पुँजी) | २६,१७,२१७।२४ | २,४७,६६६।८३ | २८,६४,८८४।०७ | पति : दुर्गा बहादुर बानियाँ | |
| ७ | कृष्ण कुमारी बानियाँ (१८५०८८३) | हेटौंडा-१८, बड्कुले ९८५१०३४३३४ ९८४१८२४४७८ | ओम मान सिं बानियाँ | तिर्थ बहादुर /दुर्गा बहादुर बानियाँ | सरल कृषि कर्जा चालु पुँजी | २०,००,०००।०० | ७६,७७३।६५ | २०,७६,७७३।६५ | पति : दुर्गा बहादुर बानियाँ | |
| ८ | हेमा स्टोर्स (प्रो शारदा खत्री हुमागाई) (१८४७०३७) | हेटौंडा-६, चौघडा ९८६९७७०६२० ९८४५९२१६०५ | अर्जुन प्रसाद हुमागाई | होम बहादुर खत्रि/लिलाधर हुमागाई | व्यापार कर्जा बाग्मति प्रदेश सरकार | ३,३९,६४०।५४ | ९०,६६१।३६ | ४,३०,३०१।९० | पति : लिलाधर हुमागाई | |
| ९ | नवराज चौलागाई (१२८७०४९) | हेटौडा-६, हात्तिलेट ९८५५०६९१०० ९८४५९४६२१२ | केदार प्रसाद चौलागाई | भवनाथ चौलागाई | घरायसी कर्जा आबधिक कर्जा | ४३,१९,२९०।४७ | १,६९,८१५।०५ | ४४,८९,१०५।५२ | श्रीमती : विमला कुमारी गौतम | |

**कृषि विकास बैंक लि., प्रदेश कार्यालय वीरेन्द्रनगर चितवन**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ